# संघीय संसद
# राष्ट्रिय सभा
## चौथो अधिवेशन
## बैठक - ८
## सूचना पत्र - २
### (बैठकको कारवाहीको संक्षिप्त विवरण)

**२०७६ वैशाख ३१ गते मंगलबार**

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको आठौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाज्यूको अध्यक्षतामा **दिनको १:०५** बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षज्यूले **"शून्य समय"** मा बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई **१ मिनेट**भित्र आफ्नो भनाइ राख्न समय दिनुभयो :

**मा. दिलकुमारी रावल थापा (पार्वती)** ले विगतदेखि सञ्चालनमा रहेका बहुवर्षीय सडक, रणनीतिक सडक तथा विभिन्न आयोजनाहरू संघीय सरकारले प्रदेश सरकारलाई हस्तान्तरण गरेको र प्रक्रियागत कार्यान्वयन हुन नसकेकोले सम्बन्धित मन्त्री तथा मन्त्रालयले प्रदेश सरकारसँग समन्वय गरी उक्त कार्यको तत्काल कार्यान्वयन गर्न/गराउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. नन्दा चपाई**ले विपन्न र सर्वहारा वर्गका निम्ति राहत प्रदान गर्न सांसद विकास कोष वा स्थानीय पूर्वाधार विकास कोषमा माननीयहरूका लागि समान बजेट छुट्याउन सरकार समक्ष माग गर्नुभयो ।

**मा. नैनकला ओझा**ले मोरङ जिल्लास्थित महेन्द्र राजमार्ग र हुलाकी राजमार्गको बीचमा पर्ने रंगेली जोड्ने केचनाझुङ्गी टोलस्थित १५ कि.मी. सडकको डीपीआर तयार गरी अर्थ मन्त्रालयमा दर्ता समेत भइसकेकोले सो सडकको निर्माण सम्पन्न गर्नको निम्ति आ.व. २०७६।०७७ को बजेटमा योजना समावेश गर्न सरकार समक्ष माग गर्नुभयो ।

**मा. प्रकाश पन्थ**ले सम्माननीय अध्यक्षज्यूले उद्घोष गर्नुभए बमोजिम जनताका कामका लागि जनप्रतिनिधिहरू फाइल बोकेर मन्त्रालयका कोठाकोठा धाउनुपर्ने प्रथाको अन्त्य हुनुपर्ने कुरामा जोड दिँदै संसद र सरकारबीच समन्वय गर्ने उपयुक्त संयन्त्र बन्नुपर्नेमा जोड दिनुभयो ।

**मा. बद्री प्रसाद पाण्डे**ले प्रतिनिधि सभामा उत्पति भई राष्ट्रिय सभामा सम्पूर्ण प्रक्रिया पूरा गरी सभामा समितिको प्रतिवेदन समेत पेश भएको राहदानी विधेयक प्राविधिक कारण देखाई प्रतिनिधि सभाबाट मात्र पारित गरी प्रमाणीकरण गरिएकोले उक्त विधेयक समृद्ध हुन नसकेको र यसले राष्ट्रिय सभाको गरिमा समेत घट्ने अवस्थाको सिर्जना भएकोमा आपत्ति प्रकट गर्नुभयो ।

**मा. महेश कुमार महरा**ले डडेल्धुरा जिल्ला वैशाख महिनामा मात्र आगलागीका कारण अधिकांश सामुदायिक वन नष्ट भएका तर अझै उक्त आगलागी नियन्त्रण हुन नसकेकोले यसतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. युटोल तामाङ**ले मुगु जिल्लामा यार्सागुम्बा संकलन गर्ने क्रममा गुण्डा तथा लुटेराहरूले धेरै मानिसहरूको पैसा लुटेका र ज्यान समेत लिएको सन्दर्भ उल्लेख गर्दै उक्त कार्यका लागि शान्तिसुरक्षाको सुनिश्चित गर्न नेपाल सरकार, गृह मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षज्यूले माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरीराजमणि पोखरेललाई **"शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५ माथि छलफल गरियोस्"** भन्ने प्रस्ताव सभा समक्ष प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षज्यूले माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरीराजमणि पोखरेलले पेश गर्नु भएको **"शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५ माथि विचार गरियोस्"** भन्ने

प्रस्ताव माथिको छलफल प्रारम्भ भएको अवगत गराउँदै उक्त क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा समेत जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षज्यूले उक्त प्रस्ताव माथिको छलफलमा भाग लिन चाहनु हुने निम्न बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो :

| | |
|---|---|
| १. मा. ठगेन्द्र प्रकाश पुरी | २. मा. राधेश्याम अधिकारी |
| ३. मा. रामपृत पासवान | ४. मा. खिमलाल भट्टराई |
| ५. मा. बद्री प्रसाद पाण्डे | ६. मा. रामलखन चमार |

त्यसपछि, सम्माननीय अध्यक्षज्यूले **माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरीराजमणि पोखरेललाई** छलफलमा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षज्यूले उक्त विधेयकमाथि 'विचार गरियोस्' भन्ने प्रस्तावलाई सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षज्यूले सभाको अर्को बैठक सम्वत् **२०७६ साल जेठ ५ गते आइतबार दिनको १:००** बजे बस्ने गरी **दिनको १:५० बजे** आजको बैठक अन्त्य भएको घोषणा गर्नुभयो ।

**(मनोहरप्रसाद भट्टराई)**
**संघीय संसदको महासचिव**